डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपाल
Development Bankers Association Nepal

# पन्ध्रौं वार्षिक प्रतिवेदन

## २०७७/२०७८

# *15 th Annual Report*

## 2021

# कार्य समिति पदाधिकारीहरू



गोविन्द प्रसाद ढकाल
अध्यक्ष



प्रद्‌यूमन पोखरेल
प्रथम उपाध्यक्ष



सुयोग श्रेष्ठ
कोषाध्यक्ष



नरेश सिंह बोहरा
सदस्य



प्रविण वस्नेत
सदस्य



रमेश प्रसाद जोशी
सदस्य



नवीन सुवेदी
सदस्य

# विषय सूची


| सि. नं. | विवरण | पेज नं. |
|---|---|---|
| १) | साधारण सभाको सूचना | ४ |
| २) | अध्यक्षज्यूको प्रतिवेदन | ५-७ |
| ३) | कोषाध्यक्षज्यूको प्रतिवेदन | ८-१० |
| ४) | कार्य प्रगति विवरण | ११-१६ |
| ५) | लेखा परीक्षकज्यूको प्रतिवेदन | १७-१८ |
| ६) | २०७६ अषाढ मसान्तसम्मको वासलात | १९ |
| ७) | २०७६ अषाढ मसान्तसम्मको आय विवरण | २० |
| ८) | २०७६ अषाढ मसान्तसम्मको नगद प्रवाह विवरण | २१ |
| ९) | अनुसूचिहरु | २२-२५ |
| १०) | एशोसिएसन आवद्ध सदस्य संस्थाहरु | २६ |

# पन्ध्रौं वार्षिक साधारण सभा सम्वन्धी सूचना

यस डेभलपमेण्ट बैंकर्स एशोसिएसनको कार्य समितिको मिति २०७७ साल चैत्र ४ गते बुधबार बसेको १३२ औ बैंठकको निर्णयानुसार यस संस्थाको १५ औं बार्षिक साधारण सभा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण सदस्य विकास बैंकहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस सम्बन्धमा सदस्य विकास बैंकहरुलाई पत्र तथा बार्षिक प्रतिवेदन सम्बन्धीत कार्यालयमा पठाईएको र सो सम्बन्धी सूचना यस एशोसिएशनको Website : www.dban.com.np मा समेत राखिएको जानकारी गराउँदछु । कथंकदाचित पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी साधारण सभामा उपस्थित भई दिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**सभा वस्ने मिति, समय र स्थान :**

मिति : २०७७ साल चैत्र २४ गते मंगलबार ।

समय : दिनको १ : ०० बजे ।

स्थान : कसरा रिसोर्ट, पटीहानी २, भरतपुर, चितवन ।

**छलफलका विषयहरु :**

१. कार्य समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. आ. ब. २०७६/२०७७ को लेखापरीक्षण प्रतिवेदन पारित गर्ने ।

३. आ. ब. २०७७/२०७८ को लेखापरीक्षक नियूक्ती गर्ने तथा निजको पारिश्रामिक निर्धारण गर्ने ।

४.आ. ब. २०७७/२०७८ को अनुमानित आय ब्याय पारित गर्ने सम्वन्धमा ।

५. आगामी दुई वर्ष कार्यकालको लागि नयाँ कार्यसमिति पदाधिकारीहरु चयन गर्ने ।

६. विविध ।

कार्य समितिको आज्ञाले
सचिव

# डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपालको
# पन्ध्रौ वार्षिक साधारण सभाको लागि कार्य समितिको तर्फबाट
# अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन

आदरणीय सदस्य महानुभावहरु,
यस डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपालको पन्ध्रौ वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण सदस्य महानुभावहरुमा एशोसिएसन तथा मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं धन्यवाद ज्ञापन गर्दछु । एशोसिएसनको यस पन्ध्रौ वार्षिक साधारण सभामा आर्थिक वर्ष २०७६/२०७७ को वार्षिक प्रतिवेदन प्रस्तुत गरेको छु । यस साधारण सभामा प्रस्तुते कार्य समितिको प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन सदस्य बैंकहरुमा पत्र मार्फत पठाउनुका साथै एशोसिएसनको वेभसाइटमा समेत राखिएकोले यहाँहरुबाट अध्ययन भइ सकेको छ भन्ने विश्वास लिएको छु ।

नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त विकास बैंकहरुको छाता संगठन, "डेभलपमेण्ट बैंकर्स एशोसिएसन, नेपाल" आजको अवस्था सम्म आइ पुग्ने क्रममा सदस्य विकास बैंकहरुको अमूल्य सल्लाह, सुझाव तथा रचनात्मक सहयोगको ठुलो योगदान रहेको छ र आगामी दिनमा समेत विगतको जस्तै रचनात्मक सुझाव र सहयोगको आवश्यकता रहेको मैले देखेको छु ।

एशोसिएसन, सदस्य विकास बैंकहरुको ब्यवसायिक तथा संस्थागत हकहितको सम्बर्द्धन गर्ने आफ्नो उद्देश्य प्राप्तिको लागि निरन्तर लागि परिरहेको यहाँहरुलाई अवगत नै छ । एशोसिएसनले मुलुकमा विद्यमान कानुनी ब्यवस्थाहरु त्था नियमनकारी निकायहरुबाट बेला बेलामा जारी हुने निर्देशनात्मक आदेशहरुको परिधि भित्र रही नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, बीमा समिति लगायतका नियमनकारी एवं अन्य सम्बन्धित निकाय तथा संघ संस्थाहरुसँग निरन्तर सम्पर्कमा रहेर आवश्यक समन्वय गर्दै आइरहेको छ ।

नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनले पारेका अप्ठ्याराका सम्बन्धमा पटक पटक मौखिक रुपमा कुरा राख्ने र पत्र लेख्ने कार्य भएको छ । फलस्वरुप, धेरै निर्देशन नेपाल राष्ट्र बैंकबाट शंसोधन गर्ने कार्य पनि भइसकेको छ । त्यस्तै गरी, बिकास बैंकहरुले स्थानीय प्रतितपत्र जारी गर्न र क्रेडिट कार्ड जारी गर्न पाउनु पर्ने सन्दर्भमा पनि मौखिक तथा लिखित रुपमा नेपाल राष्ट्र बैंकमा अनुरोध गर्दै आइ रहिएको छ । र, सो सन्दर्भमा नेपाल राष्ट्र बैंकबाट सकरात्मक आश्वासन प्राप्त भएको ब्यहोरा अनुरोध गर्न चाहन्छु ।

त्यस्तै गरी, संस्थागत निक्षेप कर्ताबाट बिकास बैंकहरुले निक्षेप प्राप्त गर्ने व्यवस्थामिलाउनबिकास बैंकहरुको वित्तीय अवस्था, सबल पक्षहरु आदि उल्लेख गरी सम्बन्धित संस्थागत निक्षेप कर्ताहरुलाई पत्राचार गर्ने कार्य भइ सकेको छ ।

बैंकिङ्ग क्षेत्रसँग सम्वन्धित विभिन्न संघ संस्थाले आयोजना गरेका तालिम, गोष्ठि, सेमिनार, छलफल कार्यक्रम र अन्तरक्रिया कार्यक्रममा भाग लिई आफ्ना धारणा एवं सुझावहरु राख्ने देखि विशेष परिस्थितिहरुमा विकास बैंकहरुको आधिकारिक तथा संस्थागत राय/प्रतिक्रिया ब्यक्त गर्ने समेतका कार्यहरु हुंदै आइरहेको छ ।

मुलुक राज्य पुनरसंरचना र संघीयता कार्यान्वयनको प्रक्रियाबाट गुज्रिरहेको नवीन परिवेशमा राज्यमा राजनीतिक पुनरसंरचनाका अङ्गहरु मात्र नभई आर्थिक क्षेत्रहरु समेतको स्थायित्व कायम

रहनु पर्ने हालको समयमा विभिन्न प्रकारका उतारचढावहरु आउनु स्वभाविक नै हो । यसै परिवेशमा विश्वब्यापी कोरोना भाइरस कोभिड १९ को माहामारीले विश्वलाई आक्रान्त बनाएको छ । यस्तो कठिन अवस्थामा पनि विकास बैकहरुको हकहितका लागि एसोसियसनले आफुले खेल्नु पर्ने भूमिका तदारुकताका साथ निर्वाह गर्दै आइहेको ब्यहोरा यहाँहरुलाई अबगत नै छ ।

बिकास बैंकहरुले भोगि रहेका समस्या र भविष्यमा आइ पर्न सक्ने अप्ठेराहरुलाई एशोसिएसनले समन्वय गरी सहज वातावरण वनाउने प्रयासहरु भइरहेको छ । विगतको तुलनामा जनमानसमा बैंकिङ्ग क्षेत्र प्रतिको विश्वासमा वृद्धि हुँदै गएको महशुस भएको छ । बैंक तथा वित्तीय क्षेत्र प्रतिको जन विश्वासमा अभिवृद्धि गर्ने उद्धेश्यले संचार तथा बीमा क्षेत्रसँगको सहकार्यमा बैंकिङ्ग जनचेतना सम्बन्धि कार्यलाई अभियानको रुपमा निरन्तरता दिइएको छ ।

नेपाल राष्ट्र बैंक द्धारा बैंक तथा वित्तीय संस्थाहरुलाई चुक्ता पूँजी वृद्धि गर्ने निर्देशन भए पश्चात मर्जर र प्राप्तिको लहर नै चल्यो । फलस्वरुप, विकास बैंकहरुको संख्या ९० बाट घटेर मिति २०७७ साल असार मसान्तसम्म आई पुग्दासो संख्या २० मा सिमित भएको छ । जस अन्तर्गत राष्ट्रिय स्तरका विकास बैंक १० वटा र क्षेत्रिय स्तरका विकास बैकहरु १० वटा गरी जम्मा २० वटा रहेका छन । मिति २०७७ साल असार मसान्त सम्ममा विकास बैंकको शाखा संजाल १,०२३ र कर्मचारी संख्या ८,०४२ रहेको छ । विकास बैंकको संख्या घट्ने क्रमजारी भएको हुँदा आगामी दिनमा शाखा संजाल र कर्मचारी संख्या समेत कम हुँदै जाने संभावना देखिन्छ । मिति २०७७ साल फागुन समान्त सम्ममा बैंकहरुको संख्या अन्तर्गत बाणिज्य बैंकहरुको संख्या २७, विकास बैंकहरुको संख्या १९ र वित्तकम्पनीहरुको संख्या २१ र लघुवित्त वित्तीय संस्थाहरुको संख्या ७६ रहेका छन् ।आगामी दिनमा मर्जर र प्राप्तिका कारण बैंक तथा वित्तीय संस्थाको संख्या थप घट्दै जाने प्रष्टै देखिन्छ ।

मिति२०७७ साल असार मसान्त सम्ममा २० वटा विकास बैंकहरुको त्रैमासिक विवरण अनुसार निम्नानुसार रहेको ब्यहोरा यहाँहरुको जानकारीको लागि तालिका अनुरुप समावेश गरिएको छ ।

स्रोत: नेपाल राष्ट्र बैंक

**Key Financial Indicators of Development Banks (Unaudited)**
**As on Asar End, 2077 (Mid July 2020)**

| | Solvency | | | | | Business | | Liquid Position | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Topic | Paid up Capital (Rs. Thousand) | Core Capital (Rs. Thousand) | Total Capital Fund (Rs. Thousand) | CCAR (In %) | CAR (In %) | Total Deposit (Rs. Thousand) | Total Loan (Rs. Thousand) | CCD Ratio (In %) | Net Liquidity (In %) | SLR (In %) |
| Total | 31,754,134 | 39,528.270 | 43,193,158 | 13.15% | 14.37% | 354,782,264 | 287,139,564 | 71.81% | 29.47% | 15.74% |

एशोसिएसनमा आवद्ध सदस्य विकास बैंकहरुका कर्मचारीहरुलाई समयानुकुल चुस्त, दुरुस्त र दक्ष बनाउन एशोसिएसनको एउटा प्रमुख उद्देश्य हो । सोही अनुसार, एशोसिएसनले National Banking Institute (NBI) र DBAN **को सहकार्यमा** CASH & TELLER OPERATION, AML/CFT-KYC, Branch Management **Training** लगाएतका तालिम निरन्तर संचालन गर्दै आइ रहेको ब्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

एसोसियसनले Imark Pvt. Ltd. संगको सहकार्यमा ग्राण्डी हस्पिटलका डाक्टरहरु समेतका संलग्नतामा कोरोनाबाट बच्नका लागि अपनाउनु पर्ने साबधानीका बारेमा १ दिने कार्यशाला, AOTS Nepal संगको सहकार्यमा कोभिड १९ ले बैंक तथा वित्तीय संस्थालाई पारेको असर र लिनु पर्ने रणनीतिका सम्बन्धमा २ दिने अन्तराष्ट्रिय सेमिनार तथा गृह मन्त्रालयसंगको सहकार्यमा

सामाजिक सुरक्षाभत्ता वितरणमा बिकास बैंकहरुले तयार पार्नु पर्ने कार्ययोजनाका सम्बन्धमा १ दिने अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरेको छ ।

सदस्य बैंकहरु बीचको संचार प्रणालीलाई अझ प्रभावकारी बनाउन र एक आपसमा थप समन्वय गर्नका लागि विभिन्न विभाग स्तरीय र प्रदेश स्तरीय उपसमिति बनाउने निर्णय भइसकेको छ । त्यस्तै गरी बिकास बैंकहरुको प्रर्बद्धनात्मक कार्य गर्नका लागि योजना बनाइ पेश गर्नका लागि एशोसियसनका प्रथम उपाध्यक्षको संयोज्कत्वमा एक उपसमिति गठन गरिएकोमा उक्त समितिले अवधारणा पत्र तयार गरी कार्य अगाडि बढाइसकेको छ ।

अन्त्यमा, यस एशोसिएसनलाई १५ औं बार्षिक साधारण सभा सम्म आई पुग्ने क्रममा आवश्यक सल्लाह, सुझाव तथा सहयोग गर्नु हुने सम्पूर्ण सदस्य विकास बैंकहरुका कार्यकारी प्रमुखज्यूहरु, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेज, नेपाल बैंकर्स एशोसिएसन र सम्पुर्ण संचारगृह तथा संचारकर्मी मित्रहरु, एशोसिएशन तथा विकास बैंकहरुमा कार्यरत कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै नयाँवर्ष २०७८ सालमा नयाँ जाँगर, जोस र उत्साहले यहाँहरुको कार्य सफल होस, सकारात्मक सोच विचारको भावना जागोस भन्दै उपस्थित सम्पूर्ण सहभागीहरु प्रति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।
धन्यवाद!

गोविन्द प्रसाद ढकाल
अध्यक्ष

# डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपालको पन्ध्रौ वार्षिक साधारण सभा समक्ष प्रस्तुत कोषाध्यक्षको आर्थिक प्रतिबेदन ।

सभाका सभाध्यक्षज्यू,
सभामा उपस्थित अन्य सदस्य महानुभावज्यूहरु तथा आमन्त्रित अतिथिज्यूहरु,

यस डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपालको पन्ध्रौ बार्षिक साधारण सभामा समयको बावजुद उपस्थित हुनु भएका सम्पूर्ण विकास बैंकहरुका प्रमुख कार्यकारी अधिकृत तथा प्रतिनिधीज्यूहरुलाई हार्दिक स्वागत गर्दछु । यहाँहरुको सहयोग र सद्भावले हामी आज यस समयमा उभिन सकेका छौ । यो अवसर भोलीका दिनमा पनि उत्तिकै रहने छ भन्ने पूर्ण आशा लिएको छु ।

यस डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपालको आर्थिक वर्ष २०७६/०७७ को लेखा परिक्षण भएको वित्तीय विवरण सहितको बार्षिक प्रतिवेदन यहाँहरु समक्ष पठाइ सकिएको छ । उक्त प्रतिवेदन अध्ययन पश्चात यहाँहरुबाट थप सुझावहरु प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

आर्थिक वर्ष २०७७/०७८ को अनुमानित आय व्यय तथा आर्थिक वर्ष २०७६/०७७ को वास्तविक आय व्यय सहितको विवरण कोषाध्यक्षको हैसियतले यस गरिमामय सभामा पेश गर्ने अनुमति चाहन्छु ।

## आ.व. २०७६/०७७ को वास्तविक तथा आ.व.२०७७/०७८ को अनुमानित आय व्यय बिवरण

| क्र. सं. | आय विवरण | २०७६/०७७ | | २०७७/०७८ |
|---|---|---|---|---|
| | | अनुमानित | वास्तविक | अनुमानित |
| १. | सदस्यता शुल्क | ००।०० | ००।०० | ००।०० |
| २. | सदस्य नविकरण शुल्क | १६,०००,००।०० | १६,०००,००।०० | २३,००,०००।०० |
| ३. | व्याज आम्दानी | १०,०००,००।०० | ११,७२,५१८।७३ | ११,००,०००।०० |
| ४. | अन्य आम्दानी | ००।०० | ००।०० | ००।०० |
| ५. | कार्यक्रम आम्दानी | १,५०,०००।०० | ७२,०००।०० | १,००,०००।०० |
| | **कुल संचालन आय** | **२७,५०,०००।००** | **२८,४४,५१८।७३** | **३५,००,०००।००** |

# सञ्चालन व्यय विवरण

| क्र. सं. | आय विवरण | २०७६/०७७ | | २०७७/०७८ |
|---|---|---|---|---|
| | | अनुमानित | वास्तविक | अनुमानित |
| १. | तलव तथा अन्य कर्मचारी खर्च | ४,९७,१७३।०० | ४,९३,०८९।३३ | ४,९३,०८९।३३ |
| २. | घर भाडा खर्च | ३,५६,५०४।०० | ३,५३,७१५।०० | ३,७१,४०४।०० |
| ३. | मर्मत तथा संभार (कम्प्यूटर, फ्याक्स र ईन्भटर) खर्च | १५,०००।०० | ७,३००।०० | १०,०००।०० |
| ४. | मर्मत तथा संभार (मोटरसाइकल) खर्च | १२,०००।०० | १०,२६०।०० | १५,०००।०० |
| ५. | विद्युत तथा पानी खर्च | ५५,०००।०० | ५४,४८०।०० | ५५,०००।०० |
| ६ | लेखापरिक्षण शुल्क तथा खर्च | ३३,९००।०० | ३३,९००।०० | ३३,९००।०० |
| ७ | अतिथि सत्कार/कार्यसमिति बैंठक खर्च | ५,०००।०० | ३,२९४।०० | ५५,००।०० |
| ८ | संचार (डांक, टेलिफोन र टेलेक्स) खर्च | ४०,०००।०० | ३३,९१४।०० | ३५,०००।०० |
| ९ | ईन्धन तथा भ्रमण खर्च | २५,०००।०० | १९६०१।०० | २५,०००।०० |
| १० | कार्यालय संचालन प्रवर्द्धन खर्च | २०,०००।०० | ५,१९०।०० | २०,०००।०० |
| ११ | मसलन्द तथा छपाई खर्च | ३०,०००।०० | २०,१९९।०० | २५,०००।०० |
| १२ | विज्ञापन खर्च | ४०,०००।०० | ७३,०४६।०३ | ३५,०००।०० |
| १३ | सरसफाई तथा ज्याला खर्च | ४२,०००।०० | ५९,८४६।०० | ६०,०००।०० |
| १४ | पुस्तक तथा पत्रपत्रिका खर्च | १०,०००।०० | ४,३४०।०० | ५,०००।०० |
| १५ | नविकरण शुल्क खर्च | १०,०००।०० | २,०१०।०० | १०,०००।०० |
| १६ | साधारण सभा खर्च | १,००,०००।०० | ४,८१०।०० | १,००,०००।०० |
| १७ | बिमा खर्च | ५,०००।०० | ४,४७८।८७ | ५,०००।०० |
| १८ | कर्मचारी मोवाइल खर्च | १२,०००।०० | १२,०००।०० | १२,०००।०० |
| १९ | चन्दा सहयोग खर्च | ५,०००।०० | ००।०० | ५,०००।०० |
| २० | विविध खर्च | २०,०००।०० | ७,९७५।०० | २०,०००।०० |
| २१ | परामर्श शूल्क | १,४१,१७६।०० | १,४१,१७६।०० | ५,६५,७००।०० |
| २२ | ब्यावसाय कर खर्च | ००।०० | १७६०।०० | २,०००।०० |
| | **कुल संचालन व्यय** | **१४,७४,७५३।००** | **१,३४६,३८४।२३** | **१,९०८,५९३।३३** |

# बचत तथा नोक्सानको स्थिती

| क्र. सं. | आय विवरण | २०७६/०७७ | | २०७७/०७८ |
|---|---|---|---|---|
| | | अनुमानित | वास्तविक | अनुमानित |
| १ | कुल संचालन आय | २७,५०,०००।०० | २८,७२,५१८।७३ | ३५,००,०००।०० |
| २ | कूल संचालन व्यय | १४,७४,७५३।०० | १,३४६,३८४।२३ | १,९०८,५९३।३३ |
| ३ | कूल संचालन वचत (१-२) | १२,७५२४७।०० | १,५२६,१३४।५० | १,५९१,४०६।६७ |
| ४ | ह्रास कट्टी खर्च | ५०,०००।०० | ५०,०००।०० | ५०,०००।०० |
| ५ | ह्रास कट्टी पछि खुद वचत (३-४) | १२,२५२४७।०० | १,४७६,१३४।५० | १,५४१,४०६।६७ |
| ६ | गत वर्ष सम्मको वचत अल्या | १,२८,५१,८३०।५७ | १२,१४८,५९०।६६ | १३,६२४,७२५।१६ |
| ७ | वासलातमा सार्ने वचत | १४,०७७,०७७।५७ | १३,६२४,७२५।१६ | १५,१६६,१३१।८३ |

उल्लेखित विवरणहरु उपर अमूल्य सुझावको अपेक्षा राख्दै आ. व. २०७६/०७७ को वास्तविक आय व्यय तथा २०७७/०७८ को अनुमानित आय व्यय विवरण पारित गरि दिनु हुन यहाँहरु समक्ष हार्दिक अनुरोध गर्दछु ।

डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपालको स्थायित्वको लागि यहाँहरुबाट प्राप्त सहयोग एवं सद्भाव प्रती आभार प्रकट गर्दे निरन्तरताको अपेक्षा राखेको छु ।

धन्यवाद ।

सुयोग श्रेष्ठ
कोषाध्यक्ष

# नेपाल सरकार, अर्थ मन्त्रमलय, नेपाल राष्ट्र बैंक, बैंक तथा सम्वद्ध संघ संस्थाहरुसँगको सञ्चार एबं समन्वयहरु :

विकास बैंकहरुको छाता संगठन डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपाल हो । जसले सम्पूर्ण सदस्य विकास बैंकहरुका समस्याहरुलाई समन्वय एवं पत्रचारको माध्यमबाट आईपरेका समस्याको समाधानको लागि हरप्रकारले पहल गर्ने कार्यलाई निरन्तरता दिएको छ । नेपाल सरकार तथा नेपाल राष्ट्र बैंक मार्फत जारी एकीकृत निर्देशन तथा मौद्रिक नीति लगाएतका नीतिगत विषयहरुमा कुनै पनि नीति नियम निर्माण गर्दा भए रहेका कमी कम्जोरी सच्याउन र त्यसको समाधान गर्ने तर्फ एशोएिसनसन लागि परेको छ । अन्य सम्वन्धित निकायहरु जस्तैः धितोपत्र बोर्ड, बीमा समिति, नेपाल स्टक एक्चेन्ज, नेपाल क्यिारीङ्ग हाउस, सिडिएस कम्पनी, नागरीक लगानी कोष, संचय कोष लगाएत संघ संस्थाहरुले माग गरिएका सुझाव दिने र आफुले माग गरेका सुझाव पेश गर्ने कार्य भई आएको छ । “ख” वर्ग अन्तरगतका विकास बैंकहरुलाई चुस्त र दुरुस्त वनाउनको लागि एशोसिएसनले NBI संग संयूक्त ब्यानरमा तालिम संचालन गरिदै आएको छ । विश्वब्यापी कोभिड १९ को मारमा परेको अवस्थामा समेत आवश्यक काम कारवाही सरकारको निर्देशन अनुसार अगाडि वढाएको छ । यस आर्थिक बर्षमा यस एसोसिएसनले मोटामोटी रुपमा भए गरेका पत्रको जबाफ एवं सुझावको विषयहरु निम्नानुसार बुँदागत रुपमा रहेको छ :

१) यस एशोसिएसनको मितिः प. सं. २०७६/२०७७ मिति : २०७६/०४/२८ को चं नं. ०३९ को पत्र मार्फत नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागको मिति २०७६/०४/२० गतेको पत्र संख्या : बैं.वि.वि.वि/नीति/परिपत्र/कखग/०२/०७६/७७ को परिपत्रमा एकीकृत निर्देशन, २०७५ को इ.प्रा. निर्देशनहरुमा संशोधन /परिमार्जन /नयाँ व्यवस्था सम्बन्धी सुझाव माग गरिएको हुँदा तीन बुँदाको सुझाब मिति : २०७६/०४/२८ गते पेश गरिएको थियो ।

२) यस एशोसिएसनको मिति २०७६/०५/२२ को चं नं. ०४९ को पत्र मार्फत नेपाल आयल निगम लिमिटेड, चं नं. ०५० को पत्र मार्फत दुग्ध विकास संस्थान, चं नं. ०५१ को पत्र मार्फत नेपाल खाद्य संस्थान, चं नं. ०५२ को पत्र मार्फत नेपाल टेलिकम, चं नं. ०५३ को पत्र मार्फत नेपाल खानेपानी संस्थान, चं नं. ०५४ को पत्र मार्फत काठमाण्डौ उपत्यका खानेपानी संस्थान, चं नं. ०५५ को पत्र मार्फत नेपाल आर्मी, चं नं. ०५६ को पत्र मार्फत नेपाल आर्मी कल्यानकारी कोष, चं नं. ०५७ को पत्र मार्फत प्रहरी प्रधान कार्यालय, चं नं. ०५८ को पत्र मार्फत नेपाल पुलिस, कल्यान कोष, चं नं. ०५९ को पत्र मार्फत कर्मचारी संचय कोष, चं नं. ०६० को पत्र मार्फत खानेपानी बोर्ड, चं नं. ०६१ को पत्र मार्फत नगरीक लगानी कोष र चं नं. ०५७ को पत्र मार्फत विधुत प्राधिकरणलाई नेपाल सरकारले समेत बैंक जमानत लगायतका कारोबारहरु विकास बैंकबाट समेत गर्न सक्ने गरी निर्णय गरीसकेको परिप्रेक्षमा तहांको प्रबन्धपत्र, नियमावली लगायतका आन्तरिक नीति नियमहरुमा भएका व्यवस्थाहरुलाई पुनरावलोकन गरी विकास बैंकहरुबाट समेत वित्तीय कारोबार गर्न सक्ने गरी व्यवथा मिलाई सहकार्य गर्ने वातावरण मिलाई दिनुहुनको लागि मिति २०७६/०५/२२ गते पत्र अनुरोध गरिएको थियो ।

३) यस एशोसिएसनको मिति : २०७६/०६/०७ को च. नं. ०७१ को पत्र मार्फत श्री कर्जा सूचना केन्द्र लिमिटेड, कमलादी, काठमाण्डौलाई नेपाल राष्ट्र बैंकको मिति २०७६/०५/२३ गतेको परिपत्रमा “यस बैंकको निर्देशन बमोजिम कालो सूचीमा समावेश भएका व्यक्ति, फर्म, कम्पनी, संस्थाले बैंक तथा वित्तीय संस्थामा खाता (कल खाता समेत) खोल्न पाउने छैनन् । साथै कालो सूचीमा रहेको व्यक्ति, फर्म, कम्पनी वा संस्थाको कायम रहेको खातामा रकम जम्मा गर्न

बाहेक अन्य बैकिङ्ग कारोबार गर्न पाइने छैन" भन्ने व्यवस्था भएकोमा, त्यस केन्द्रले Website मार्फत उपलब्ध गराएको विवरणमा कालो सूचीमा परेका व्यक्तिको नाम मात्र उल्लेख भएको छ । उक्त Website मा नागरिकता नम्वर, तिन पुस्ते र ठेगानाको विवरण नभएकाले व्यक्तिको पहिचान एकिन गरि नेपाल राष्ट्र बैंकको निर्देशन कार्यान्वयन गर्न कठिनाइ भएकोले नागरिकता नम्वर, ठेगाना र तिन पुस्ते विवरण सहितको विवरण उपलब्ध गराइदिनु हुन मिति : २०७६/०६/०७ गते पत्र अनुरोध गरिएको थियो ।

४) यस एशोसिएसनको मिति २०७६/०६/१० को चं नं. ०७५ को पत्र मार्फत नेपाल राष्ट्र बैंक, कानुन महाशाखा समक्ष नेपाल राष्ट्र बैंकबाट आ.व. २०७६/०७७ को लागि जारी गरिएको मौद्रिक नीतिमा उल्लेख भए बमोजिम लिज फाइनान्स सम्वन्धी कार्यलाई नियमित तथा व्यवस्थित गरी समाजमा आर्थिक हित तथा सुविधा कायम गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकबाट तयार गरिएको लिज फाइनान्स विधेयक, २०७६ को मस्यौदामा एशोसिएसन मार्फत राय/सुझाब मिति २०७६/०६/१० गते पेश गरिएको थियो ।

५) यस एशोसिएसनको मिति २०७६/०६/२८ को च.नं. ०८१ को पत्र मार्फत काठमाण्डौको Development Bankers Association Nepal (DBAN) र National Banking Institute Ltd. (NBI) को संयुक्त ब्यानरमा यहि मिति २०७६ साल कार्तिक ४, ५ र ६ गते विहान ७ बजे देखि ९ वजे सम्म दैनिक तीन दिन NBI Hall, Narayan Chour, Naxal, Kathmandu मा विषय : CASH & TELLER OPERATION सम्बन्धमा संयुक्त ब्यानरमा यहि मिति २०७६/०६/२८ दिन सम्पन्न गरिएको थियो ।

६) यस एशोसिएसनको मिति २०७६/०८/०५ को च.नं. ०९१ गतेको पत्र मार्फत (DBAN) र (NBI) को संयुक्त ब्यानरमा मिति २०७६ साल मंसिर २१ गते शनिबारको दिन Venue: NBI Hall, Narayanchour, Naxal, Kathmandu मा विषय : AML/CFT-KYC सम्बन्धमा तालिम सम्पन्न गरिएको थियो ।

७) यस एशोसिएसनको मिति २०७६/०८/१५ को च.नं. ०९४ गतेको पत्र मार्फत (DBAN) र (NBI) को संयुक्त ब्यानरमा मिति २०७६ साल मंसिर २१ गते शनिबारको दिन Venue : Venue: Hotel Tulip , Butwal मा विषय : Branch Management सम्बन्धमा तालिम सम्पन्न गरिएको थियो ।

८) यस एशोसिएसनको मिति २०७६/०८/१८ को च. नं. ०९७ को पत्र मार्फत सामाजिक सुरक्षा कोष, बबरमहल, काठमाण्डौलाई सामाजिक सुरक्षा कोषमा विकास बैंकहरु दर्ता हुने सम्वन्धमा सामाजिक सुरक्षा योजना संचालन कार्य विधि, २०७५ मा एशोसिएसनको तर्फबाट नौ बुँदाको राय सुझाव आवश्यक परिमार्जनको लागि अनुरोध पेश गरिएको थियो ।

९) यस एशोसिएसनको मिति २०७६/०८/३० को च. नं. १०१ को पत्र मार्फत सामाजिक सुरक्षा कोष, बबरमहल, काठमाण्डौलाई सामाजिक सुरक्षा कोषमा सामाजिक सुरक्षा योजना संचालन कार्य विधि, २०७५ मा तीन वटै एशोसिएसनको तर्फबाट आवश्यक राय सुझाव परिमार्जनको लागि अनुरोध पेश गरिएको थियो ।

१०) यस एशोसिएसनको मिति २०७६/०९/०६ को चं. नं. १०६ को पत्र मार्फत नेपाल राष्ट्र बैंक भुक्तानी प्रणाली विभाग, बालुवाटार, काठमाण्डौ समक्ष यस डेभलपमेन्ट बैंकर्स एसोसिएसनमा

आवद्ध विकास बैंकहरुले २०७६ पौष महिनाको अन्त्य सम्ममा RTGS (Real Time Gross Settlement) प्रणालीमा आवद्ध भई सेवा सुचारु गर्नु पर्ने निर्देशानुसार उक्त प्रणालीमा आवद्ध हुनको लागि RTGS System Rules 2019 को Appendix ५ को तालिका नम्बर १ अनुसार कुनै एक Direct Participant Member बैंक तथा वित्तीय संस्थाले तिर्नु पर्ने दायित्व RTGS One-off joining fee पुनरावलोकन गरिदिनु हुन अनुरोध गरिएको थियो ।

११) यस एशोसिएसनको मिति २०७६/०९/०६ को चं. नं. १०७ को पत्र मार्फत नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, कमलादी, काठमाण्डौलाई नेपाल राष्ट्र बैंकको मिति २०७६/०५/२० को परिपत्र अनुसार यस डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपालमा आवद्ध विकास बैंकहरुले २०७६ पौष महिनाको अन्त्य सम्ममा RTGS प्रणालीमा आवद्ध भई सेवा सुचारु गर्नु पर्ने निर्देशन रहेकोमा सो प्रणालीमा आवद्ध हुनको लागि विकास बैंकहरुको Core Banking System र RTGS Connect गर्नको लागि आवश्यक Middle Ware/Software सहुलियत रुपमा उपलब्ध गराई दिनु हुन पत्र अनुरोध गरिएको थियो ।

१२) यस एशोसिएसनको मिति : २०७७/०१/२१को च.नं.: १३७ को पत्र मार्फत बैक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौ समक्ष विश्वभर फैलिएको कोरोना भाइरस ( COVID-19) संक्रमण तथा सो को रोकथामका लागि संसारका विभिन्न देशहरु लगायत हाम्रो देशमा समेत मुलुकभर लकडाउनको अवस्था विद्यमान छ । यस अवस्थालाई मध्ये नजर गरी छ बुँदे राय सुझावहरु पेश गरिएको थियो ।

१३) यस एशोसिएसनको मिति : २०७७/०१/२१ को च.नं.: १३८ को पत्र मार्फत नेपाल राष्ट्र बैंक बैक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौ र नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग, बालुवाटार, काठमाण्डौ समक्ष अल्पकालीन र दिर्धकालीन राय सुझाव पेश गरिएको थियो ।

१४) यस एशोसिएसनको मिति : २०७७/०२/०४ को च.नं. १४५ को पत्र मार्फत नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौ समक्ष बैं. वि. नि. वि. /नीति /विविध/२१७/०७६/७७ को पत्रमा उल्लेख गरिएका कर्जामा ब्याजदर लेखाङ्कन सम्बन्धमा, Moratorium Period सम्बन्धमा, कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यबस्था सम्बन्धमा, कर्जा पुनरतालीकिकरण र पुनसंचना सम्बन्धमा, ब्याज पूँजीकरण सम्बन्धमा, पूँजीकोष पर्याप्तता सम्बन्धमा राय सुझाव पेश गरिएको थियो ।

१५) यस एशोसिएसनको मिति : २०७७/०२/१६ को च.नं. १४८ को पत्र मार्फत नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभाग, बालुवाटार, काठमाण्डौ समक्ष बैंक तथा वित्तीय संस्थाहरुले विद्युतीय भुक्तानीका सम्वन्धमा गरेका कार्यहरु, कारोबारको अवस्था, सो सम्वन्धमा रहेका समस्या र आगामी दिनमा विद्युतीय भुक्तानीलाई बढावा दिनका लागि अवलम्वन गर्नु पर्ने व्यवस्थाहरुको सम्वन्धमा राय/सुझाव पठाउनको लागि पत्र अनुरोध भै आय बमोजिम यस एशोसिसएनको तर्फबाट तीन महले सहितको राय/सुझाव पेश गरिएको थियो ।

१५) यस एशोसिएसनको मिति २०७७/२/२५ को चं नं. १५१ को पत्र मार्फत नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार काठमाण्डौ समक्ष Carve- Out सम्वन्धी छुट प्रधान गरि दिनु हुनको लागि तीन महले राय सुझाव पेश गरिएको थियो ।

# नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, तथा अन्य सम्वद्ध संघ संस्थाबाट आयोजना गरेको विभिन्न गोष्ठि, सेमिनार र अन्तरक्रियामा एशोसिएसनको तर्फबाट गरिएका जिम्मेवारीहरु :

डेभलपमेण्ट बैंकर्स एशोसिएसनको कर्तब्य अनुरुप सरकारी, गैर सरकारी एवं विभिन्न संघ संस्थाहरुले गरेका कुनै पनि तालिम, सेमिनार, गोष्ठि, अन्तरक्रिया कार्यक्रम, कार्यपत्र प्रस्तुत लगाएतका कार्यक्रम गर्दा एशोसिएसनलाई आमन्त्रण गर्ने गर्दछन । त्यस आमन्त्रणलाई स्वीकार गरि यस एशोसिएसनका पदाधिकारीहरुले सो कार्यक्रममा सहभागी भई जानकारी लिने र एशोसिएसनको तर्फबाट आवश्यक सुझाब समेत दिने कार्य गरिदै आएको छ । समय सापेक्ष रुपमा देखिएको संम्वद्ध विषयहरु अन्तरगर्त राय सुझाव समेत पेश गर्ने गरिएको छ । विश्वब्यापी फैफिएको कोभिड १९ (कोरोना भाईरस) को माहामारीको अवस्थामा पनि आवश्यकता अनुसार एवं त्यस सम्वन्धी जमु टिमी मार्फतबाट समेत कार्यक्रममा भाग लिएको छ । त्यस अनुरुप यस आर्थिक वर्ष २०७६/०७७ को विचमा भएरहेका कार्यहरु निम्नानुसार वुँदागत रुपमा पेश गरिएको छ :

१) नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागको मिति २०७६/०५/२२ गतेको पत्र अनुसार एशोसिएसनमा आवद्ध सदस्य विकास बैंकहरुका प्रमुख कार्यकारी अधिकृतज्यूहरुलाई गभर्नरज्यूको प्रमुख आतिथ्यमा हुन गै रहेको अनाधिकृत रुपमा ATM मशिन मार्फत रकम निकालिएको विषयलाई लिएर सतर्कता अपनाउने सम्वन्धमा कार्यक्रमको आयोजनामा सहभागिताको लागि पत्र अनुरोध भै आएको हुँदा उक्त कार्यक्रममा सम्पूण सदस्य विकास बैंकहरुको प्रमुख कार्यकारी अधिकृतज्युहरुको उपस्थिती २०७६ भाद्र २३ गते होटल र्‍याडिसनमा भएको थियो ।

२) नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभागको मिति २०७६/०५/२५ गतेको पत्र संख्या बैं.सु.वि./एसआइएस प्रोजेक्ट/१७/२०७६/२०७७ को पत्र अनुसार सुपरिवेक्षकीय सूचना प्रणाली SiS अन्तर्गत रहेको Offside Module- Portal को बारेमा पोखरामा हुन गएको कार्यक्रममा पोखरा स्थित विकास बैंकहरुको २ जना Offsite Reporting हेर्ने कर्मचारी माग भइ पत्र आएकोमा यस एशोसिएसनको तर्फबाट गरिमा विकास बैंकबाट सुमन कुमार मल्ल र ज्योति विकास बैंकबाट विकास ढकालले मिति २०७६ भाद्र २९ गते भाग लिनु भएको थियो ।

३) नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागको मिति २०७६/०५/२५ गतेको पत्र संख्या भु.प्र.वि. ११ /५/०७६/७७ को पत्र अनुसार UKaid Sakchyam, Access to Finance को सहयोगमा यस बैंकमा स्थापना भएको. Real Time Gross Settlement (RTGS) System तथा Modular Data Centre को कार्यक्रममा गभर्नरज्यूको आतिथ्यको कार्यक्रममा यस एशोसिएसनलाई आमन्त्रण गरिएको हुँदा उक्त कार्यक्रममा यस एशोसिएसनको प्रथम उपाध्यक्ष श्री प्रद्युमन पोखरेलज्यू मिति २०७६ साल भाद्र २९ गते भाग लिनु भएको थियो ।

४) नेपाल राष्ट्र बैंक, कानून महाशाखाको मिति २०७६/०५/२९ गतेको पत्र संख्या का./२०७६/७७/३५५२ को पत्र अनुसार "नेपाल भारत र अमेरिकामा संघीय विवद निरुपण" विषयको पूस्तक विमोचनमा प्रमुख अतिथीको रुपमा गभर्नरज्यूको उपस्थीमा हुने कार्यक्रममा

यस एशोसिएसनका अध्यक्ष श्री गोविन्द प्रसाद ढकालज्यू मिति २०७६ साल असोज २ गते पार्क भिलेज रिर्सोटमा भाग लिनु भएको थियो ।

५) नेपाल लघुवित्त बैंकर्स संघको मिति २०७६/०६/०५ गतेको पत्र अनुसार लघुवित्त बैंकर्स संघको साधारण सभामा आमन्त्रण गरिएको थियो । उक्त साधारण सभामा यस एशोसिएसनका अध्यक्ष श्री गोविन्द प्रसाद ढकालज्यूले मिति २०७६ साल असोज १२ गते होटल क्राउन इम्पेरियलमा भाग लिनु भएको थियो ।

६) नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाईको मिति २०७६/०६/२४ गतेको पत्र संख्या वि.जा.ई.४८/२०७६/७७ को पत्र अनुसार सम्पति सुद्धिकरण तथा आतंकारी क्रियाकलापमा हुने वित्तीय लगानी नियन्त्रण तथा FIU IT Software System (goAML) सम्वन्धी कार्यक्रममा यस एशोसिएसनलाई आमन्त्रण गरिएको हुँदा यस एशोसिएसनका अध्यक्ष श्री गोविन्द प्रसाद ढकालज्यूले मिति २०७६ असोज २९ गते होटल म्यारियोट नक्साल, काठमाण्डौमा भाग लिनु भएको थियो ।

७) नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभागको मिति २०७६/७/२६ गतेको पत्र संख्या वि.बैं.सु.वि./विविध/४/२०७६/०७७ को च.नं. ९३ को पत्र अनुसार (सम्पति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना २०७६ देखी २०८१) उल्लेखित रणनीति तथा कार्ययोजना कार्यान्वयन सम्वन्धमा हुन गैरहेको मिति २०७६/०७/२६ गते देखि २०७६/०७/३० गते सम्म हुने कार्यक्रममा त्यस एशोसिएसन मार्फत २ जना विज्ञ सदस्य मनोनयन गरी पठाई दिने सम्वन्धमा पत्र प्राप्त भए बमोजिम यस एशोसिएसनको तर्फबाट श्री लक्ष्मण नेपाल, गरिमा विकास बैंक लिमिटेड, श्री मदन कुमार महत, ज्योति विकास बैंक लिमिटेडबाट भाग लिनु भएको थियो ।

८) नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन बिभागको मिति २०७६/८/५ को पत्र संख्या बैं.वि.नि.वि./नीति/विविध/१०८/०७६/७७ को पत्र अनुसार डेपुटी गभर्नरको समुपस्थितिमा "NFRSs मबोजिमको वित्तीय विवरया तयार गर्ने क्रममा देखिएका समस्या सम्वन्धमा ख र ग वर्गका वित्तीइ संस्थाहरुका प्रमुख वित्त अधिकृत CFO हरुसंग काठमाण्डौमा हुने एक दिने अन्तरक्रिया कार्यक्रममा एशोसिएसनलाई र यस एशोसिएसनको सदस्य विकास बैंक प्रमुख वित्त अधिकृतलाई आमन्त्रण गरिएको हुँदा उक्त कार्यक्रममा एशोसिएसनको तर्फबाट अध्यक्ष श्री गोविन्द प्रसाद ढकालज्यू र सम्पूर्ण सदस्य विकास बैंकका प्रमुख वित्त प्रमुखहरुले मिति २०७६ मंसिर १० गते कान्तिपथ एल्लो पेगोडामा भाग लिनु भएको थियो ।

९) नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभागको मिति २०७६/८/२० गतेको पत्र संख्या वि.बैं.सु.वि./आ.प्र./बिविध/२०७६/०७७ /च.नं. १२६ को पत्र अनुसार सम्पति शुद्धिकरण तथा आतंकबादी क्रियाकलापमा वित्तीय लगानी निबारण सम्वन्धी तालिममा राष्ट्रिय जोखिम मुल्यांकन गर्ने गोष्ठिमा एशोसिएनलाइ २ जना प्रतिनिधी पठाउनको लागि अनुरोध भै पत्र आएको हुँदा यस एशोसिएसनको तर्फबाट श्री तिल वहादुर गुरुङ्ग, मुक्तिनाथ विकास बैंक लिमिटेड र श्री मदन कुमार महत, ज्योति विकास बैंक लिमिटेडबाट होटल अन्नपूर्णमा मिति २०७६ मंसिर २३ देखी २५ गते सम्मको कार्यक्रममा भाग लिनु भएको थियो ।

१०) नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागको मिति २०७६/८/१७ गतेको पत्र संख्या भु.प्र.वि/RTGS ८३ /०७६/७७ को पत्र अनुसार ख वर्गका विकास बैंकहरुलाई पनि RTGS System मा आवद्ध गर्न आवश्इक प्रक्रिया अगाडी वढाउन छलफल गर्नको लागि यस

एशोसिएसनलाई आमन्त्रण गरिएको हुँदा यस एशोसिएसनको तर्फबाट अध्यक्ष, श्री गोविन्द प्रसाद ढकालज्यु, महासचिव श्री मनोज कुमार ज्ञवालीज्यू र कोषाध्यक्ष श्री सुयोग श्रेष्ठज्यहरुले मिति मंसिर २३ गते छलफलमा भाग लिनु भएको थियो ।

११) नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयको मिति २०७६/९/१ गतेको पत्र संख्या ग.का./आइ.आर.डी./४६/२०७६/०७७ को पत्र अनुसार वित्तीय साक्षरता कार्यक्रममा एकरुपता कायम गर्ने, वित्तीय साक्षरता कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गर्ने एवं वित्तीय साक्षरता कार्यक्रमलाई थप विस्तार गर्दै जाने उदेश्यल Financial Literacy Framework को मस्यौदा माथि छलफल गर्नको लागि ४ जना प्रतिनिधी एशोसिएसनबाट पठाउन पत्र अनुरोध भै आएको हुँदा उक्त कार्यक्रममा यस एशोसिएनको तर्फबाट महासचिव श्री मनोज ज्ञवाली, श्री नविन प्याकुरेल, गरिमा विकास बैंक लि, श्री सर्मिला लम्साल मुक्तिनाथ विकास बैंक लि, श्री सुबास भट्टराई कामना सेवा विकास बैंकबाट मिति २०७६ पौष ३ गते छाया देवी कम्प्लेक्समा भाग लिनु भएको थियो ।

१२) नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागको मिति २०७६/१०/१९ गतेको पत्र संख्या अनु.मौ./२/६/०७६/७७ को चलानी नम्वर ४० को पत्र अनुसार आर्थिक वर्ष २०७६/७७ को मौद्रिक नीतिको कार्यान्वयन अवस्था एबम समसामयिक आर्थिक तथा वित्तीय स्थिति सम्वन्धी अन्तरक्रिया कार्यक्रममा यस एशोसिएसनलाई आमन्त्रण गरिएको हुँदा उक्त कार्यक्रममा यस एशोसिएसनका प्रथम उपाध्यक्ष श्री प्रद्यूमन पोखरेलज्यूले मिति २०७६ साल माघ २ गते होटल ऱ्याडिसनमा भाग लिनु भएको थियो ।

१३) Banking and Insurance Management को मिति १० फेब्रुअरी २०२० को पत्र अनुसार SDG sub Platform Green Financing कार्यक्रममा यस एशोसिएसनलाई आमन्त्रण गरिएकोमा यस एशोसिएसनको तर्फबाट महासचिव श्री मनोज ज्ञवालीज्यूले एल्लो पेगोडा होटलमा मिति १३ फेब्रुअरी २०२०मा भाग लिनु भएको थियो ।

१४) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाण्डौको मिति २०७६/१२/०७ गतेको चलानी नम्वर ७४७ को पत्र मार्फत यस डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपाललाई बैंक, वित्तीय संस्था, बीमा, सहकारी तथा पूँजी वजार सम्वन्धी राय सुझाव सहित सहभागिताको लागि एक जना प्रतिनिधी मनोनयन गरी पठाई दिनु हुन अनुरोध गरिएको पत्र आए बमोजिम यस एशोसिएसनका महासचिव श्री मनोज कुमार ज्ञवालीज्यूलाई मनोनयन गरिएको थियो ।

१५) नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागको मिति २०७७/०३/२१ गतेको पत्र संख्या अनु.मौ./१/७/०७६/७७ को पत्र अनुसार आ.व. २०७७/०७८ को मौद्रिक नीति तर्जुमाको सिलसिलामा राय/सुझावको लागि सरोकारवालासंग अन्तरक्रिया गर्ने सम्वन्धमा यस एशोसिएसनलाई अध्यक्ष, उपाध्यक्ष सहित ३ जना प्रतिनिधी मनोनयन गरिदिनको लागि पत्र अनुरोध भई आए बोमोजिम एशोसिएसनको तर्फबाट प्रथम उपाध्यक्ष श्री श्री प्रद्यूमन पोखरेलज्यू, कार्यकारी सदस्य श्री नवीन सुवेदीज्यू र चिफ एडभाईजर श्री मनोज कुमार ज्ञवालीज्यूहरुले मिति २०७७ असार २५ गते Webinar मार्फत सहभागिता जनाउनु भएको थियो ।

S.D.& Associates
Chartered Accountants

34- Ekta Marg, Anamnagar
P.O. Box No. 3762
Kathmandu, Nepal
info@sdnaca.com
www.sdnaca.com
+977- 01- 4492588

# डेभलपमेन्ट बैंकर्स एशोसिएसन नेपाल
## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

### १. लेखापरीक्षकको मन्तव्य

हामीले डेभलपमेन्ट बैंकर्स एशोसिएसन नेपालको यसै साथ संलग्न २०७७ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, संलग्न वित्तीय विवरणले डेभलपमेन्ट बैंकर्स एशोसिएसनको २०७७ आषाढ मसान्तको वित्तीय स्थिती, सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, तथा नगद प्रवाहको प्रचलित कानुनका अधिनमा रही लागू गर्न सकिने हदसम्म नेपाल लेखामान अनुसार यथार्थ चित्रण गरेको छ ।

### २. लेखापरीक्षकको मन्तव्यका आधारहरू

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरिक्षणमान बमोजिम सम्पन्न गर्‍यौं । नेपाल लेखापरिक्षणमान अनुसार हाम्रा थप जिम्मेवारीहरू तल उल्लेखित लेखापरीक्षकको जिम्मेवारी परिच्छेदमा उल्लेख गरिएका छन । नेपाल चार्टड एकाउण्टेण्ट संस्थाले जारी गरेको लेखापरिक्षकको आचारसंहिता (ICAN's Handbook of Code of Ethics for Professional Accountants) बमोजिम हामीले लेखापरिक्षकको स्वतन्त्रता र लेखापरिक्षणमा लागू हुने आचारसंहिताको पालना गरेका छौं । हामीले प्राप्त गरेका लेखापरिक्षण प्रमाणहरू हाम्रो लेखापरीक्षणको लागि प्रयाप्त छन भन्नेमा हामी विश्वस्त छौं ।

### ३. आर्थिक विवरणहरूप्रति व्यवस्थापनको जिम्मेवारी

नेपालराष्ट्र बैंकको निर्देशनअनुरूप यथार्थ र उचितचित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत किसिमले त्रुटिरहित, वित्तीयविवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य लेखानीतिहरूको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखासम्बन्धि महत्वपुर्ण अनुमान गर्ने पर्दछन् । वित्तीय विवरण तयार गर्दा संस्थाको अविच्छिन्नताको मुल्यांकन, खुलासा र लेखांकन गर्ने जिम्मेवारी व्यवस्थापनको रहेको हुन्छ ।

### ४. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो लेखापरीक्षणको आधारमा वित्तीयविवरणहरू उपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । यी मानले हामीलाई लेखापरिक्षकको आचारसंहिता पालना गर्ने तथा वित्तीय विवरणहरू सारभुत रूपमा त्रुटिरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीयविवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धी सम्पादन कार्यविधि संलग्नहुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रूपमा त्रुटियुक्त प्रस्तुतीहुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारीत छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले संस्थाको आन्तरिक नियन्त्रण उपर नै रायव्यक्त गर्ने उद्देश्यले नभै, परिस्थितिअनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, संस्थाले वित्तीयविवरण तयार एवं प्रस्तुती गर्ने क्रममा अवलम्वन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्धारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरू एवं गरिएकामहत्वपूर्ण अनुमानहरूको उपयुक्तताको तथा मुल्यांकनका साथै समग्र वित्तीयविवरण प्रस्तुतीको लेखाजोखा समेत समावेश हुन्छ ।

हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई प्रयाप्तआधार प्रदान गर्ने कुरामा हामीविश्वस्त छौं ।

५. मन्तव्य

क) हामीले लेखापरीक्षण सम्पन्नगर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाको हिसावकिताव ऐन बमोजिमठीकसंग राखिएको छ ।

ग) हाम्रो लेखापरीक्षणको समयमा एशोसिएसनको संचालक समितिका वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित लेखा सम्बन्धी कुनै कामकाज वा अनियमित कार्य गरेको वा एशोसिएसनको सम्पत्ती हिनामिना गरेको वा एशोसिएसनको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

घ) एशोसिएसनले लेखा सम्वन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

ङ) एशोसिएसनले गरेको कार्य आफ्नो कार्यक्षेत्र भित्र रहेको पाइयो, र

च) आयकर ऐन २०५८ को परिच्छेद १७ अनुसार अग्रिम कर कट्टी नगरेको हाम्रो जानकारीमा आएन ।

सि.ए. संजिव ढकाल
एस. डि. एण्ड एसोसिएटस
चार्टर्ड एकाउन्टेन्टस
मिति : २०७७।०६।२५
स्थान : काठमाडौं, नेपाल
युडिन : 201011CA 01077101 SX2

# डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपाल
## बासलात हिसाब
## २०७७ आषाढ मसान्तको

| विवरण | अनुसूची | यस वर्षको रकम (रू.) | गत वर्षको रकम (रू.) |
|---|---|---|---|
| **कोषको श्रोत** | | | |
| जगेडा कोष र संचित बचत | १ | १२,१४८,५९०.६६ | १०,७०४,४६०.१६ |
| **कूल जम्मा** | | १२,१४८,५९०.६६ | १०,७०४,४६०.१६ |
| **स्थिर सम्पत्ति** | २ | १२९,९७७.७४ | १६६,१५२.९७ |
| **लगानी** | ३ | ११,३७५,०००.०० | १०,१५०,०००.०० |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ४ | ३३८,१४५.८८ | २३३,७००.५६ |
| अग्रिम भुक्तानी रकम र पेश्की, सापटी धरौटी | ५ | ३५८,२९३.४६ | २००,४४१.९९ |
| **जम्मा चालु सम्पत्ति** | | ६९६,४३९.३४ | ४३४,१४२.५५ |
| चालु दायित्व अन्य भुक्तानी गर्नु पर्ने रकम | ६ | ५२,८२६.४२ | ४५,८३५.३६ |
| खुद चालु सम्पत्ति (चालु सम्पती - चालु दायित्व) | | ६४३,६१२.९२ | ३८८,३०७.१९ |
| **कूल जम्मा** | | १२,१४८,५९०.६६ | १०,७०४,४६०.१६ |
| **प्रमुख लेखा नीति तथा टिप्पणीहरू** | १० | | |

माथि उल्लेखित अनुसूचीहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू यस हिसावका अभिन्न अंग हुन् ।

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार ।

हेम जङ्ग कार्की
कार्यालय सचिव

सुयोग श्रेष्ठ
कोषाध्यक्ष

सि.ए. संजीव ढकाल
एस.डि. एण्ड एसोसिएट्स्
चार्टर्ड एकाउटेन्टस्
मिति : २०७७/०६/२५
स्थान : काठमाण्डौ, नेपाल

प्रदिप कुमार श्रेष्ठ
सचिव

गोविन्द प्रसाद ढकाल
अध्यक्ष

मिति : २०७७/०६/२५
स्थान : काठमाण्डौ, नेपाल

# डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपाल

## आय व्यय हिसाव खाता

### २०७६ श्रावण १ देखि २०७७ आषाढ मसान्त सम्मको

| विवरण | अनुसूची | यस वर्ष रकम रू. | गत वर्ष रकम रू. |
|---|---|---|---|
| **आम्दानी** | | | |
| ब्याज आम्दानी | | १,१७२,५१८.७३ | १,१९५,२९५.६४ |
| सदस्यता नविकरण शुल्क | | १,६००,०००.०० | २,०७५,०००.०० |
| कार्यक्रम आम्दानी | ७ | ७२,०००.०० | १९५,८२५.०० |
| अन्य आम्दानी | ८ | - | २५,५००.०० |
| **जम्मा** | | २,८४४,५१८.७३ | ३,४९१,६२०.६४ |
| **खर्च** | | | |
| सञ्चालन खर्च | ९ | १,३६४,२१३.०० | १,३६५,४५४.२२ |
| ह्रास कट्टी | २ | ३६,१७५.२३ | ४९,४१४.५६ |
| **जम्मा** | | १,४००,३८८.२३ | १,४१४,८६८.७८ |
| आयकर अघिको खुद बचत | | १,४४४,१३०.५० | २,०७६,७५१.८६ |
| आयकर व्यवस्था | | - | - |
| खुद बचत वासलातमा सारेको | | १,४४४,१३०.५० | २,०७६,७५१.८६ |

**प्रमुख लेखा नीति तथा टिप्पणीहरू** १०

माथि उल्लेखित अनुसूचीहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू यस हिसावका अभिन्न अंग हुन् ।

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार ।

हेम जङ्ग कार्की
कार्यालय सचिव

सुयान श्रेष्ठ
कोषाध्यक्ष

सि.ए. संजीव ढकाल
एस. डि. एण्ड एसोसिएटस्
चार्टर्ड एकाउन्टेन्स्
मिति : २०७७/०६/२५
स्थान : काठमाण्डौं, नेपाल

प्रदिप कुमार श्रेष्ठ
सचिव

गोविन्द प्रसाद ढकाल
अध्यक्ष

मिति : २०७७/०६/२५
स्थान : काठमाण्डौं, नेपाल

# डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपाल

## नगद प्रवाह विवरण

### २०७७ आषाढ मसान्तको

| | विवरण | यस वर्षको रकम (रू.) | गत वर्षको रकम (रू.) |
|---|---|---|---|
| (क) | संचालन गतिविधिको नगद प्रवाह | | |
| | खुद बचत (खुद नोक्सानी) | १,४४४,१३०.५० | २,०७६,७७१.८६ |
| | समायोजन | | |
| | जोड्ने | | |
| | अपलेखन गरिएको सम्पत्ती | – | ८,९०५.७३ |
| | ह्रासकट्टी | ३६,१७५.२३ | ४९,४१४.५६ |
| | घटाउने | | |
| | अचल सम्पत्ति बिक्रीको नाफा | | |
| | कार्यशिल पुँजी परिवर्तन अघिको संचालन नगद प्रवाह | १,४८०,३०५.७३ | २,१३५,०९२.१५ |
| | चालु सम्पत्तिमा भएको कमी (वृद्धि) | (१५७,८५१.४७) | (६०,४३५.०८) |
| | चालु दायित्वमा भएको वृद्धि (कमी) | ६,९९१.०६ | (४३१,०७७.५९) |
| | संचालन गतिविधिबाट खुद नगद प्रवाह | १,३२९,४४५.३२ | १,६४३,५७९.४८ |
| | | | |
| (ख) | लगानी गतिविधिको नगद प्रवाह | | |
| | स्थीर सम्पति खरिद | – | (४९,७१०.००) |
| | स्थीर सम्पति बिक्रि | (१,२२५,०००.००) | (१,९५०,०००.००) |
| | जम्मा | (१,२२५,०००.००) | (१,९९९,७१०.००) |
| (ग) | बित्तिय गतिविधिको नगद प्रवाह | | |
| | नगदमा भएको कूल वृद्धि (कमी) (क+ख+ग) | १०४,४४५.३२ | (३५६,१३०.५२) |
| | वर्षारम्भमा नगद तथा बैंक मौज्दात | २३३,७००.५६ | ५८९,८३१.०८ |
| | वर्षान्तमा नगद तथा बैंक मौज्दात | ३३८,१४५.८८ | २३३,७००.५६ |

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार

हेम जङ्ग कार्की
कार्यालय सचिव

सुयोग श्रेष्ठ
कोषाध्यक्ष

सि.ए. सन्जीव ढकाल
एस. डि. एण्ड एशोसिएटस्
चार्टर्ड एकाउन्टेन्ट्स्

मिति : २०७७/०६/२५
स्थान : काठमाण्डौं, नेपाल

प्रदिप कुमार श्रेष्ठ
सचिव

गोविन्द प्रसाद ढकाल
अध्यक्ष

मिति : २०७७/०६/२५
स्थान : काठमाण्डौं, नेपाल

डेभलपमेण्ट बैंकर्स एशोसिएशन नेपाल
२०७७ आषाढ मसान्तको
वासलातका अनुसूचीहरू

अनुसूची १

| विवरण | यस वर्ष रकम रू. | गत वर्ष रकम रू. |
|---|---|---|
| जगेडा कोष र संचित बचत | | |
| गत वर्ष सम्मको संचित बचत | १०,७०४,४६०।१६ | ८,६२७,७०८.३० |
| यस वर्षको बचत | १,४४४,१३०।५० | २,०७६,७५१.८६ |
| जम्मा | १२,१४८,५९०।६६ | १०,७०४,४६०.१६ |

अनुसूची ३

| विवरण | यस वर्ष रकम रू. | गत वर्ष रकम रू. |
|---|---|---|
| लगानी | | |
| लुम्बिनी विकास बैंक लि. | ४,०७५,०००।०० | ४,०००,०००।०० |
| गरिमा विकास बैंक लि. | ७,३००,०००।०० | ६,१५०,०००.०० |
| जम्मा | ११,३७५,०००।०० | १०,१५०,०००.०० |

अनुसूची ४

| विवरण | यस वर्ष रकम रू. | गत वर्ष रकम रू. |
|---|---|---|
| नगद तथा बैंक मौज्दात | | |
| नगद मौज्दात | ४१३।०० | १२७.५३ |
| बैंक मौज्दात | | |
| लुम्बिनी विकास बैंक लि. | ५८,०९४।७५ | १४७,३२७.०६ |
| गरिमा विकास बैंक लि. | २७९,६३८।९२ | ८६,२४५.९७ |
| जम्मा | ३३८,१४५।८८ | २३३,७००.५६ |

अनुसूची ५

| विवरण | यस वर्ष रकम रू. | गत वर्ष रकम रू. |
|---|---|---|
| अग्रिम भुक्तानी रकम र पेश्की, सापटी, धरौटी | | |
| - टेलिफोन धरौटी | ७,५००।०० | ७,५००।०० |
| - अन्य अग्रिम भुक्तानी | ९,१६८।७७ | ९,१६८।७७ |
| (अन्य अग्रिम भुक्तानी अपलेखन व्यवस्था) | (९,१६८.७७) | |
| - बीमा शुल्क अग्रिम भुक्तानी | - | ४,४७८।८७ |
| - अग्रिम कर | ३४९,११७।२३ | १७९,२९४।४५ |
| अग्रिम पारिश्रमिक कर | ८७६।२३ | - |
| जम्मा | ३५८,९९३।४६ | २००,४४१.९९ |

अनुसूची ६

| विवरण | यस वर्ष रकम रू. | गत वर्ष रकम रू. |
|---|---|---|
| चालु दायित्व | | |
| - लेखा परीक्षण शुल्क | ३३,४५०.०० | ३३,४५०.०० |
| - लेखा परीक्षण शुल्क कर | ४५०.०० | ४५०.०० |
| - अन्य कर दायित्व | १४०.०० | ७६८.५० |
| - तलब, ज्याला र अन्य खर्चहरू | १६,७८८।४२ | ११,०३१.३६ |
| - घरभाडा कर | - | १३५.५० |
| - टेलिफोन महशुल | १,९९८.०० | - |
| जम्मा | ५२,८२६।४२ | ४५,८३५.३६ |

डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपाल
२०७६ श्रावण १ देखि २०७७ आषाढ मसान्त सम्मको
आय व्यय विवरणका अनुसूचीहरू

अनुसूची ७

| विवरण | यस वर्ष<br>रकम रू. | यस वर्ष<br>रकम रू. |
|---|---|---|
| **कार्यक्रम आम्दानी** | | |
| कार्यशाला आम्दानी | ७२,०००।०० | १९५,८२५.०० |
| जम्मा | ७२,०००।०० | १९५,८२५.०० |

अनुसूची ८

| विवरण | यस वर्ष<br>रकम रू. | यस वर्ष<br>रकम रू. |
|---|---|---|
| **अन्य आम्दानी** | | |
| स्थिर सम्पति बिक्रिको नाफा | | |
| अन्य | - | २५,५००.०० |
| जम्मा | - | २५,५००.०० |

अनुसूची ९

| विवरण | यस वर्ष<br>रकम रू. | यस वर्ष<br>रकम रू. |
|---|---|---|
| **सञ्चालन खर्च** | | |
| तलब, भत्ता र अन्य कर्मचारी खर्चहरू | ४९३,०८९.३३ | ३९९,६७५.६७ |
| घरभाडा | ३५३,७१५.०० | ३३६,८७५.०० |
| मर्मत तथा संभार | | |
| - कम्प्युटर तथा इनभर्टर | ७,३००.०० | १४,१००.०० |
| - मोटरसाइकल | १०,२६०.०० | ११,२७९.०० |
| अन्य | ८,५८५.०० | |
| बिद्युत , पानी | ५४,४८०.०० | ५६,३९५.०० |
| लेखापरीक्षण शुल्क | ३३,९००.०० | ३३,९००.०० |
| लेखापरीक्षण खर्च | - | ११,३००.०० |
| अतिथि सत्कार खर्च | ३,२९४.०० | ४,०७०.०० |
| बैंक चार्ज | ७५.०० | - |
| संचार (टेलिफोन, टेलेक्स) | ३३,९१४.०० | ३३,५८५.०० |
| इन्धन तथा यातायत खर्च | १९,६०१.०० | २२,३९३.०० |
| कार्यालय सामान खर्च | ५,११०.०० | १८,०५५.०० |
| मसलन्द तथा छपाई | २०,११९.०० | २४,७१०.०० |
| विज्ञापन | ७३,०४६.०३ | ४८,२५०.०० |
| सरसफाई खर्च | १४,३४६.०० | ४१,९६८.०० |
| भ्याला | ४५,५००.०० | - |
| पुस्तक तथा पत्रपत्रिका | ४,३४०.०० | १२,८००.०० |
| नविकरण शुल्क | २,०१०.०० | ७,८३४.०० |
| व्यावसाय कर खर्च | १,७६०.०० | - |
| विविध खर्च | ७,९७५.०० | १६,११५.०० |
| साधारण सभा खर्च | ४,८१०.०० | ११६,५३९.०० |
| अपलेखन खर्च | - | ८,९०५.७३ |
| गलबर्ष बिमा खर्च | ४,४७८.८७ | ४,२१२.०० |
| कर्मचारी मोबाईल खर्च | १२,०००.०० | १२,०००.०० |
| ब्याज तथा जरिवाना | - | ४२,४१२।८२ |
| परामर्श शुल्क | १४१,११७.०० | ८,०००।०० |
| अन्य अग्रिम भुक्तानी अपलेखन व्यवस्था | ९,१६८.७७ | - |
| जम्मा | १,३६४,२१३.०७ | १,३६५,४५४.२२ |

# डेभलपमेन्ट बैंकर्स एशोसिएसन नेपाल

स्थिर सम्पत्ति

अनुसूची २

| विवरण | ह्रास कट्टी दर प्रतिशत | परल मूल्य | | | | ह्रास कट्टी | | | | | बाँकी मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्षको रु. | यस वर्षको थप | यस वर्षको बिक्री | यस वर्ष सम्मको को रु. (जम्मा) | गत वर्ष सम्म को रु. | यस वर्षको बिक्री भएको सम्पत्तीको जम्मा ह्रास कट्टी | यस वर्षको रु. | यस वर्ष सम्मको को रु. (जम्मा) | अपलेखन तथा बिक्री गरिएको सम्पत्ती (ह्रास कट्टी पछिको मूल्य) | गत वर्षको रु. | यस वर्षको रु. |
| कम्प्युटर | 25% | | | | | | | | | | | |
| कम्प्युटर | | ७१,११४.०० | - | - | ७१,११४.०० | ७१,११४.०० | - | - | ७१,११४.०० | - | - | - |
| कम्प्युटर | | १९,२१०.०० | - | - | १९,२१०.०० | ४८०५.५ | - | ३,६०१.१३ | ८,४०६.६३ | - | १४,४०४.५० | १०,८०३.३७ |
| फ्याक्स मेसिन | | २३,०५०.०० | - | - | २३,०५०.०० | २३,०५०.०० | - | - | २३,०५०.०० | - | - | - |
| प्रिन्टर | | ३०,३००.०० | - | - | ३०,३००.०० | ७,६०५.०० | - | ५,६७३.७५ | १३,२७८.७५ | - | २२,६९५.०० | १७,०२१.२५ |
| इन्भर्टर | | १३७,३००.०० | - | - | १३७,३००.०० | ११९,४२१.०३ | - | ४,४१९.७४ | १२३,८४०.७७ | - | १७,८७८.९७ | १३,४५९.२३ |
| फर्निचर तथा फिक्स्चर्स | 25% | | | | | | | | | | | - |
| अफिस टेबल | | ३,३००.०० | - | - | ३,३००.०० | ३,३००.०० | - | - | ३,३००.०० | - | - | - |
| कम्प्युटर टेबल | | १९,९८५.०० | - | - | १९,९८५.०० | १८,६४०.७१ | - | ३३६.०७ | १८,९७६.७८ | - | १,३४४.२९ | १,००८.२२ |
| फिलिङ दराज | | ९,७९०.०० | - | - | ९,७९०.०० | ९,१३५.०८ | - | १६३.७३ | ९,२९८.८१ | - | ६५४.९२ | ४९१.१९ |
| घुम्ने कुर्सी | | ८६,४४४.०० | - | - | ८६,४४४.०० | ८६,४४४.०० | - | - | ८६,४४४.०० | - | - | - |
| गोल टेबल | | ४०,०००.०० | - | - | ४०,०००.०० | ३८,७४२.९५ | - | ३१४.२६ | ३९,०५७.२१ | | १,२५७.०५ | ९४२.७९ |
| काठको खुला दराज | | ३,९४४.०० | - | - | ३,९४४.०० | ३,६४८.०५ | - | ७३.९९ | ३,७२२.०४ | - | २९५.९५ | २२१.९६ |
| अन्य | | २९,८१२.०० | - | - | २९,८१२.०० | २९,८१२.०० | - | - | २९,८१२.०० | - | - | - |
| सवारी साधन | 20% | | | | | | | | | - | | |
| होण्डा लाइन मोटरसाइकल | | १८६,१००.०० | - | - | १८६,१००.०० | ७८,६४९.७१ | - | २१,४९०.०६ | १००,१३९.७७ | - | १०७,४५०.२९ | ८५,९६०.२३ |
| जम्मा | | ६६०,३४९.०० | - | - | ६६०,३४९.०० | ४९४,३६८.०३ | - | ३६,०७२.७३ | ५३०,४४०.७६ | - | १६५,९८०.९७ | १२९,९०८.२४ |

**अनूसची १०**

**लेखा नीति तथा टिप्पणीहरू**

एशोसिएसनको आर्थिक कारोबारहरू नेपाल लेखामान अनुसार तयार गरिएका छन् । यस वित्तीय विवरण एशोसिएसनको कार्य समितिले मिति २०७७ असोज १८ गते पारित गरेको छ। यस वित्तीय विवरण तयार गर्दा अवलम्वन गरिएका प्रमुख नीतिहरू निम्नानुसार छन् ।

१. **प्रस्तुतीकरणको आधार**
एशोसिएसनको आर्थिक कारोबारको लेखा नेपाल लेखामान अनुसार निरन्तरताको सिद्धान्त तथा प्रचलित लेखा नीतिलाई आधार मानी तयार पारिएका छन् ।

२ **ह्रास कट्टी नीति**
क) स्थिर सम्पत्तिहरू ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) को आधारमा गरिएको छ ।
ख) सम्पत्तिको ह्रास कट्टी Written Down Values को आधारमा निम्न ह्रासकट्टीका दरहरू अनुसार ह्रास खर्च कट्टी गरिएका छन् ।

| | |
|---|---|
| कम्प्युटर, फर्निचर तथा फिक्स्चर | २५% |
| सवारी साधन | २०% |

३ **प्रोदभावी (Accrual) आधारमा लेखाङ्कन गर्ने**
आम्दानी हिसावको रकमलाई एक्रुयल आधारमा आम्दानी बाँध्ने र खर्चलाई एक्रुयल (प्रोदभावी) आधारमा मात्र खर्च लेखिने नीति अपनाइएको छ ।

४. **व्याज, आम्दानी तथा खर्च लेखाङ्कन नीति**
व्याज हिसाबको रकमलाई एक्रुयल आधारमा (Accrual Basis) आम्दानी जनाउने नीति अपनाइएको छ ।

५. संघको गत वर्षसम्मको संचित वचत रू. १०,७०४,४६०।१६ र यस वर्षको खुद वचत रू. १,४५३,२९९।२७ समेत गरी यस वर्षसम्मको जगेडा तथा संचित वचत रू. १२,१५७,७५९।४३ पुगेको छ ।

६. यस बर्ष एशोसिएसनले सदस्यता नविकरण शूल्क मार्फत रू. १,६००,०००।०० र कार्यक्रम आम्दानी अन्तर्गत रू ७२,०००।०० र ब्याज आम्दानी अन्तर्गत रू. १,१७२,५१८।७३ गरि जम्मा रू. २,८४४,५१८।७३ लेखाङ्कन गरेको छ ।

७. संस्थाले आन्तरिक राजश्व कार्यालय त्रिपुरेश्वरबाट मिति २०७५।०९।२२ गते आयकर छुट पाउने संस्था दर्ता प्रमाणपत्र लिएको हुंदा आय कर ऐन २०५८ अनुसार आयकर व्यवस्था गरिएको छैन ।

८. बिभिन्न बैंक तथा वित्तिय संस्थामा लगानी गरी प्राप्त व्याजमा करकट्टी गरिएको आयकर रू ३४९,९१७।२३ लाई अग्रिम आयकर शिर्षकमा देखाईएको छ ।

९. गत बर्षको अग्रिम भुक्तानी बीमा खर्च रू.४४७८।८७ तथा अग्रिम अन्य कर भुक्तानी रू. ९,१६८।७७ लाई यस आर्थिक वर्षको खर्चमा लेखाङ्कन गरिएको छ ।

१०.गत बर्षको अंकहरूलाई आवश्यकता अनुसार पुनवर्गीकरण तथा पुन:समायोजन गरिएको छ।

| | | |
|---|---|---|
| हेम जङ्ग कार्की<br>कार्यालय सचिव | सुयोग श्रेष्ठ<br>कोषाध्यक्ष | सि.ए. सन्जीव ढकाल<br>एस. डि. एण्ड एसोसिएटस्<br>चार्टड एकाउटेन्टस् |
| प्रदिप कुमार श्रेष्ठ<br>सचिव | गोविन्द प्रसाद ढकाल<br>अध्यक्ष | |

# Name List of All DBAN's Member or Non Member Development Banks

| S.N. | Name of Development Bank | Address of Head Office | Phone Number | Name of CEO | Working Area | Member/ Non Member |
|---|---|---|---|---|---|---|
| 1 | Garima Bikas Bank Ltd. | Lazimpart, Kathmandu | 01- 4445424<br>01- 4445425 | Mr. Gobinda Prasad Dhakal | National Level ( 77 District) | Member |
| 2 | Jyoti Bikash Bank Ltd. | Kamaladi, Kathmandu | 01-4168605<br>01-4168606 | Mr.ShreeChandra Bhatta | National Level ( 77 District) | Member |
| 3 | Kamana Sewa Bikash Bank Ltd. | Gyaneshor, Kathmandu | 01-4440115<br>01-4440116 | Mr. Prabin Basnet | National Level ( 77 District) | Member |
| 4 | Mahalaxmi Bikas Bank Limited | Darbarmarga, Kathmandu | 01-4268719 | Mr. Bodh Raj Devkota | National Level ( 77 District) | Member |
| 5 | Muktinath Bikas Bank Ltd. | Kamaladi, Kathmandu | 01-4168683<br>01-4168685 | Mr. Pradyuman Pokharel | National Level ( 77 District) | Member |
| 6 | Shine Resunga Development Bank Ltd. | Siddhartha Road, Butwal-6, Rupandehi | 071-551498<br>071-551500 | Mr. Prakash Poudel | National Level ( 77 District) | Member |
| 7 | Shangri-la Development Bank Ltd. | Baluwatar, Kathmandu | 01-4421862 | Mr. Suyog Shrestha | National Level ( 77 District) | Member |
| 8 | Lumbini Bikas Bank Ltd. | Sunrise Biz ,Dilibazar, Kathmandu | 01-4413232<br>01-4413234 | Mr. Naresh Singh Bohra | National Level ( 77 District) | Member |
| 9 | Saptakoshi Development Bank Ltd. | Tankisinawari-2, Morang | 021-420676 | Mr. Nabin Subedi | 1-7 District Level (Morang, Ilam, Panchthar, Jhapa, Sunsari, Dhankuta, Terhathum) | Member |
| 10 | Excel Development Bank Ltd. | Mukti Chowk, Anarmani-3 Birtamod, Jhapa, Nepal | 023-543714<br>023-544010 | Mr. Dinesh Kumar Pokhrel | 1-5 District Level (Ilam, Jhapa, Morang, Sunsari, Panchthar) | Member |
| 11 | Miteri Development Bank Ltd. | Mahendra Path - 12, Dharan, Sunsari | 025-531317 | Mr. Tulasi Prasad Wasti | 1-5 District Level (Jhapa, Morang, Sunsari,Dhankuta, Udaypur) | Member |
| 12 | Sindhu Bikash Bank ltd. | Barhabise Bazar, Barhabise, Sindhupalchowk | 011-489248 | Mr. Ramesh Pd Joshi | 1-5 District Level (Sindhupalchowk, Kavre, Dolkha, Makawanpur, Chitwan) | Member |
| 13 | Green Development Bank Ltd. | Pokhara 8, kaski | 061-533590<br>061-533634 | Mr. Umesh Kumar Acharya | 1-5 District Level (Baglung, Myagdi, Kaski, Tanahu, Nawalparasi East) | Member |
| 14 | Karnali Bikas Bank Ltd. | Surkhet Road, Nepalgunj, Banke, Nepal | 081-415074<br>081-415040 | Mr. Dinesh Kumar Rawat | 1-3 District Level (Banke, Bardiya, Dang) | Member |
| 15 | Corporate Development Bank Ltd. | Adarshnagar, Bir gunj – 13, Parsa, | 051-531031<br>051-527842 | Mr. Trilok Dhoj Joshi | 1-3 District Level (Parsa, Makawanpur, Kavrepalanchowk) | Non Member |
| 16 | Narayani Development Bank Ltd. | sourahachok, Chitwan | 056-561258<br>056-621221 | Mr. Pashupati Poudel | 1-3 District Level (Nawalparasi, Chitwan, Makawanpur) | Non Member |
| 17 | Sahara Bikash Bank Ltd. | Near Bus Stand, Malangwa-9, Sarlahi, Nepal | 046-521471 | Mr. Daya Kanta Shah Act. | 1 District Level (Sarlahi) | Member |
| 18 | Salpa Bikas Bank Ltd | Khotang | 036-420638 | Mr. Ishor Man Rai | 1 District Level (Khotang) | Non Member |

NOTE BOOK

डेभलपमेण्ट बैंकर्स एशोसिएसन नेपाल
Development Bankers Association Nepal